# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०३।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री सिध्द गणेश प्रा.वि. कास्कीका प्रा.वि. शिक्षक भुवनराज पण्डितले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा बहाल रहेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, उत्तरप्रदेश, बाराणसी भारतबाट हाई स्कूल पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिई सेवामा प्रवेश गरी लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता